कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल

मितिः २०८३।०४।११

# कर्मचारी सरुवा व्यवस्थापन प्रणाली सम्बन्धी जरुरी सूचना

कोशी प्रदेश अन्तर्गतका विभिन्न सरकारी निकायहरूमा कार्यरत सम्पूर्ण प्रदेश निजामती सेवाका कर्मचारीहरूको सरुवा प्रणालीलाई थप व्यवस्थित, पारदर्शी, पुर्वानुमानयोग्य र प्रविधिमैत्री बनाउनका लागि यस कार्यालयबाट **"एकीकृत सरुवा व्यवस्थापन प्रणाली (Integrated Transfer Management System) सफ्टवेयर"** निर्माण गरी सञ्चालनमा ल्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। अब उपरान्त प्रदेश निजामती सेवाका सम्पूर्ण कर्मचारीहरूको सरुवा सम्बन्धी कार्यहरू यसै अनलाइन प्रणाली मार्फत मात्र सम्पादन गरिनेछ।

यस प्रविधिमैत्री व्यवस्थाले कर्मचारीहरूको सरुवा प्रक्रियालाई सरल, पुर्वानुमानयोग्य र गुनासोरहित बनाउने उद्देश्य राखेकाले, सरुवाको चाहना वा आवश्यकता भएका कर्मचारीहरूले आफ्नो कार्यक्षमता र उपयुक्तताका आधारमा यस प्रणाली भित्रैबाट आफ्नो विवरण र प्राथमिकता अद्यावधिक (Update) गर्न एवम् सरुवाका लागि निवेदन दिन सक्नुहुनेछ। प्रणालीमा प्रविष्ट गरिएका विवरण र प्राथमिकताका आधारमा नै सरुवा सम्बन्धी आगामी निर्णयहरू लिइने हुँदा, सरुवा हुन चाहने कर्मचारीहरूले यस सफ्टवेयरमा आबद्ध भई निवेदन दिनहुन समेत सूचित गरिन्छ।

**प्रणाली link : *https://itms.koshi.gov.np***

**ITMS बाट सरुवा निवेदन दिन एवम् विवरण अद्यावधिक गर्दा गर्नुपर्ने प्रक्रियाहरु:**

१. **विवरण अद्यावधिक (Profile Update):** कर्मचारीले सर्वप्रथम ITMS प्रणालीमा Login गरी आफ्नो व्यक्तिगत, तथा सेवा/समूह सम्बन्धी सम्पूर्ण विवरण अद्यावधिक गर्नुपर्नेछ।

२. **कार्यालय/मन्त्रालयबाट स्वीकृति (Approval):** अद्यावधिक गरिएको विवरण सही र दुरुस्त रहेको सुनिश्चित गरी आफ्नो दरबन्दी रहेको कार्यालय/सम्बन्धित मन्त्रालयबाट प्रणालीमार्फत नै अनिवार्य रूपमा स्वीकृत (Verify/Approve) गराउनुपर्नेछ।

३. **निवदेन पेश (Online Application):** कार्यालय/मन्त्रालयबाट विवरण स्वीकृत भइसकेपछि सरुवाका लागि निवेदन पेश गर्न सकिनेछ।

**द्रष्टव्यः**

- Login credentials (लगइन विवरण)का लागि आफ्नो कार्यालय/मन्त्रालयमा सम्पर्क गर्नु पर्नेछ।
- प्रणाली सञ्चालनका क्रममा कुनै प्राविधिक समस्या आएमा यस कार्यालयको विद्युतीय शासन इकाई (९८४३५००४९९) मा सम्पर्क गर्न सकिनेछ।